# सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागिता

**त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातकोत्तर तह (एम.एड) द्वितीय वर्षको आंशिक आवश्यकता परिपूर्तिका लागि शिक्षा योजना तथा व्यवस्थापन विभागमा प्रस्तुत**

शोधपत्र


शोधार्थी

**दीपक कुमार पौडेल**

**क्याम्पस क्रमाङ्कः ४१/२०६३-२०६५**

**परीक्षा क्रमाङ्क ३०८००१९**

**त्रि.वि. दर्ता नं.: ५५४५६-८८**



**त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र संकाय**

**तानसेन बहुमुखी क्याम्पस**

**शिक्षा योजना तथा व्यवस्थापन विभाग**

**तानसेन, पाल्पा**

**२०६९**

# सिफारिस–पत्र

## शिक्षा योजना तथा व्यवस्थापन विभाग

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता परिपूर्तिको निमित्त शोधार्थी छात्र दीपक कुमार पौडेल द्वारा तयार पार्नुभएको **सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागिता** शीर्षकको शोधपत्र मेरो पूर्ण निर्देशनमा तयार गरिएको हो । उहाँले यो शोधपत्र मेरो निर्देशन र सुझाव अनुसार सम्पूर्ण कार्य पूरा गर्नुभएकोले यस शोधपत्रको मूल्याङ्कनको लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

मितिः २०/०५/२०१२ (२०६९/०२/०७)

....................................

उप प्रा. श्रीधर कुमार उपाध्याय

शोध–निर्देशक

शिक्षा योजना तथा व्यवस्थापन विभाग

# स्वीकृति पत्र

# शिक्षा योजना तथा व्यवस्थापन विभाग

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शिक्षा योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तह एम.एड दोस्रो वर्षको आशिंक आवश्यकता परिपूर्तिका लागि शोधार्थी दीपक कुमार पौडेलद्धारा **सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागिता** शीर्षकमा शोधकार्य पूरा गरी स्वीकृतिका लागि प्रस्तुत गर्नुभएको शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृत गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

१. उप–प्रा. पुष्करराज रेग्मी — विभागीय प्रमुख

...............................

२. उप. प्रा. श्रीधर कुमार उपाध्याय — शोध निर्देशक

..................................

३. प्रा. आनन्दमान सिंह शाक्य — बाह्य परीक्षक

................................

४. क्या. प्र. राधेश्याम ज्ञवाली — सदस्य

...................................

मितिः ०९/०६/२०१२ (२०६९/०२/२७)

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत एम.एड. दोस्रो वर्षको आंशिक आवश्यकता परिपुर्ति गर्ने उद्देश्यले "सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागितामा प्रभाव पार्ने तत्वहरु" शीर्षकमा यो शोधपत्र तयार गरी प्रस्तुत गरिएको छ । यस शोधपत्रले सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागितामा प्रभाव पार्ने तत्वहरु पत्ता लगाई नि.मा.वि. तहमा छात्रहरुको सहभागिता अभिवृद्धि गर्न सघाउ पुग्ने कुरामा यो शोधपत्र कोसेढुङ्गा सावित हुने छ भन्ने कुरामा विश्वस्त छु ।

यस शोधपत्र तयार गर्न मलाई अहोरात्र खटिएर सहयोग पुराउनु हुने मेरा शोधनिर्देशक श्रद्धेय गुरु श्रीधर कुमार उपाध्याय, शिक्षा योजना तथा व्यवस्थापन विभागीय प्रमुख श्री पुष्करराज रेग्मी र क्याम्पस प्रमुख श्री राधेश्याम ज्ञवालीप्रति म हृदय देखि नै आभार प्रकट गर्न चाहन्छु मलाई तथ्याङ्क संकलन गर्न सहयोग पुराउनुहुने भैरहवा स्रोतकेन्द्रका श्रोतव्यक्ति गोवर्द्धन मौर्य र आवश्यक सहयोग प्रदान गर्नुहुने श्री चिल्हिया मा.वि.का प्राधानाध्यापक श्री सुरेन्द्र प्रसाद दुवे ज्यूप्रति आभारी छु । तथ्याङ्क संकलन गर्न मलाई सहयोग पुराएका भैरहवा श्रोतकेन्द्र अन्तर्गतका १० वटा नि.मा.वि. का प्र.अ., वि.व्य.स., महिला सदस्य, महिला शिक्षिका, अभिभावक र विद्यार्थीहरुलाई पनि स–धन्यवाद प्रदान गर्दछु ।

अन्त्यमा हौसला प्रेरणाहरु दिई जिम्मेवारीका साथ मनवचन कर्मले सहयोग गर्ने जीवनसंगिनी श्री हरिकला पौडेलको योगदानलाई पछि सम्म सम्झिरहन चाहन्छु । शोधपत्र तयार गर्न हौसला प्रदान गर्नुको साथै तन, मन र धन समेत सहयोग पुऱ्याउनु हुने श्रद्धेय माता पिता कलावति पौडेल र गोविन्द प्रसाद पौडेलप्रति पनि हृदयदखि नै कृतज्ञ छु साथै टङ्कन कार्यमा सहयोग गर्नु हुने अक्सफोर्ड प्रिण्ट एण्ड फोटोकपी सेन्टर बुटवलका युवराज घिमिरेलाई पनि अर्न्तहृदयबाट धन्यवाद दिन चाहन्छु ।

**शोद्यार्थी**

दीपक कुमार पौडेल

# शोधसार

सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागिता शीर्षकमा यो शोधपत्र तयार पारिएको छ र यसको मुख्य उद्देश्य सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्राहरुको शैक्षिक सहभागिताको अवस्था पत्ता लगाउनु रहेको छ ।

यो अध्ययन मुख्यतया गुणात्मक एवं परिमाणात्मक ढाँचाको प्रयोग गरी मिश्रित ढाँचामा तयार गरिएको छ । यस अध्ययनमा उल्लेखित उद्देश्यहरु पुरा गर्नको लागि रुपन्देही जिल्ला, भैरहवा स्रोतकेन्द्र अन्तर्गतका दश वटा सामुदायिक विद्यालयहरु छनोट गरिएको छ । विद्यालयबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी वर्णानात्मक शैलीमा व्यक्त गरिएको छ । प्राथमिक स्रोतको रुपमा स्थलगत सर्वेक्षण, अन्तर्वार्ता प्रश्नावली र लक्षित समूह छलफल औजार प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ भने द्वितीय श्रोतका रुपमा स्रोतकेन्द्र र विद्यालयहरुको अभिलेख पत्रपत्रिका, तथ्याङ्क फारम र विद्यालय सुधार योजनालाई आधार मानिएको छ । निर्धारित उद्देश्य प्राप्तिको लागि यस अध्ययनमा विद्यालय सर्वेक्षण फाराम तथा अन्तर्वार्ता तथा प्रश्नावलीको प्रयोग गरिएको छ । नमूना छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष, स्रोत व्यक्ति/वि.नि. संग अन्तवार्ता प्रश्नावलीको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ ।

अध्ययनको क्षेत्रमा शैक्षिक सत्र २०६६ मा भन्दा २०६७ मा छात्राहरुको भर्नादर बृद्धि भएको पाइन्छ । शैक्षिक सत्र २०६६ मा भन्दा २०६७ मा छात्राहरुको कक्षोउत्तीर्णदर वृद्धि भएता पनि भर्ना भएका सबै छात्राहरु शैक्षिक सत्रको अन्तिममा लिइने अन्तिम परीक्षामा सम्मिलित भएको पाइएन् ।

छात्रहरुको विद्यालयमा शैक्षिक सहभागिता कम हुनुको कारणहरुमा सबै विद्यालयमा जनचेतनामूलक कार्यक्रम जस्तैः घरदैलो कार्यक्रम, अभिावक भेलाको कमी हुनु, छात्राहरुलाई छात्रवृत्तिको व्यवस्था कम हुनु, महिला शिक्षिका कम नियुक्ति हुनु, सरकारी नीति नियम र छात्रा प्रोत्साहन कार्यक्रम कमजोर हुनु, शौचालयको राम्रो व्यवस्थापन नहुनु जस्ता मुख्य समस्याहरु पाइएका छन् । यसका अतिरिक्त सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागिता न्यून हुनुमा बुवा आमामा सामाजिक परम्परा र धार्मिक अन्धविश्वासको सोच कायमै रहनु, व्यवसायमूलक र प्राविधिक शिक्षा नहुनु, घर परिवारको आर्थिक अवस्था

कमजोर हुनु, बावुआमाको शैक्षिक स्तर न्यून हुनु, छात्राहरुमा छिटो विहे र घरायसी कामको बोझ हुनु, विद्यालयहरु भौगोलिक नक्शाङ्कन बिना निर्माण गरिनु जस्ता मुख्य समस्याहरु अध्ययनको क्रममा प्राप्त भएका छन् ।

सामुदायिक निम्न माध्यमिक विद्यालयमा छात्रा सहभागिता बृद्धि गर्ने उपयाहरुमा विद्यालयमा जनचेतनामूलक कार्यक्रम निरन्तर गरिरहनु पर्ने, महिला शिक्षिकाको संख्या बढाइनुपर्ने, शौचालयको व्यवस्था हुनुपर्ने, पुरुष शिक्षकको छात्राप्रतिको व्यवहार सकारात्मक बनाइनुपर्ने, छात्राहरुलाई छात्रवृत्तिको संख्या बढाइनुपर्ने मुख्य सुझावको रुपमा छनोटमा परेका विद्यालयका उत्तरदाताहरुबाट प्रदान गरिएको छ ।

अभिभावकमा सानो परिवार बनाउन परिवार नियोजन कार्यक्रमलाई प्रभावकरी रुपमा लागु गरिनु पर्ने, अभिभावकको शैक्षिक योग्यता बढाइनु पर्ने, लैङ्गिक विभेद र धार्मिक विभेदको अन्त्य गरिनुपर्ने, रुढिवादी र परम्परागत कु संस्कार मा परिवर्तन गरी सामाजिक व्यवहार सकारात्मक बनाइनुपर्ने, अभिभावकलाई आयमूलक कार्यमा लगाएर आर्थिक अवस्थामा सुधार गरिनुपर्ने, विद्यालयमा तल्लो तहको शिक्षा मातृ भाषामा दिनुपर्ने, विद्यालय नक्शांकनको आधारमा निर्माण गरी घर र विद्यालय बिचको दुरी कम गरिनुपर्ने कुरालाई सुझावको रुपमा प्रस्तुत गरिएको छ ।

# विषय सूची


| शीर्षक | पृष्ठ |
|---|---|
| सिफारिस पत्र | i |
| स्वीकृति पत्र | ii |
| कृतज्ञताज्ञापन | iii |
| शोधसार | iv |
| विषय सूची | vi |
| तालिका सूची | viii |
| **परिच्छेद एक : परिचय** | |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ५ |
| १.३ अध्ययनको औचित्य | ६ |
| १.४ अध्ययनका उद्देश्य | ८ |
| १.५ अनुसन्धनात्मक प्रश्न | ८ |
| १.६ अध्ययनको परिसिमा | ८ |
| **परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका** | |
| २.१ सम्बन्धित सहित्यको पुनरावलोकन | ९ |
| २.२ सैद्धान्तिक खाका | १३ |
| २.३ शैक्षिक उपादेयता | १६ |
| **परिच्छेद तीन : अध्ययन विधि** | |
| ३.१ अनुसन्धानत्मक ढाँचा | १७ |
| ३.२ अध्ययनको जनसंख्या तथा नमुना छनोट | १७ |
| ३.३ तथ्याङ्क संकलनका साधन | २० |
| ३.४ तथ्याङ्कका स्रोत | २० |
| ३.५ तथ्याङ्क संकलन प्रक्रिया | २१ |
| ३.६ तथ्याङ्क व्याख्या तथा विश्लेषण प्रक्रिया | २१ |

**परिच्छेद चार : तथ्याङ्कको व्याख्या तथा विश्लेषण**


४.१ छात्रा सहभागिताको अवस्था २२

४.२ छात्रा सहभागितामा प्रभाव पार्ने तत्व २८

४.३ छात्रा सहभागिता वृद्धि गर्ने उपाय ३९


**परिच्छेद पाँच : प्राप्ति निष्कर्ष र सुझाव**


५.१ प्राप्ति ४३

५.२ निष्कर्ष ४५

५.३ सुझाव ४६


**सन्दर्भसामग्री**

**परिशिष्ट**

# तालिका सूची


| तालिका | शीर्षक | पृष्ठ |
|---|---|---|
| १. | नमूना छनोट | १८ |
| २. | कक्षागत विद्यार्थी भर्ना–२०६६ | २३ |
| ३. | कक्षागत विद्यार्थी भर्ना–२०६७ | २४ |
| ४. | छात्राहरुको कक्षागत भर्ना स्थिति | २५ |
| ५. | छात्राहरुको जातिगत भर्ना अवस्था | २६ |
| ६. | छात्रा सहभागितामा प्रभाव पार्ने पारिवारिक तत्व | ३३ |
| ७. | छात्रा भर्नामा प्रभाव पार्ने सामाजिक तत्व | ३५ |
| ८. | छात्रा भर्नामा प्रभाव पार्ने आर्थिक तत्व | ३६ |
| ९. | छात्रा सहभागितामा प्रभाव पार्ने अन्य तत्व | ३८ |